नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः ०७५/०७६

चलानी नं.: ११२

मितिः २०७५/०५/१२

विषयः अस्थायी तथा सेवा करार तर्फका जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा।

श्री जिल्ला समन्वय समिति सबै,

श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाँउपालिका सबै,

श्री जिल्ला प्राविधिक कार्यालय सबै।

नेपाल सरकार अन्तर्गतका विभिन्न निकाय वा आयोजनाहरुमा अस्थायी तथा करारमा कार्यरत जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५/०५/०२ मा देहाय बमोजिम निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

देहायः

१. मन्त्रालय, सचिवालय, आयोग तथा अन्तर्गत निकायको स्वीकृत नयाँ संगठन संरचना र दरबन्दीमा नियमानुसार करार सेवामा लिन सकिने रिक्त पदहरुमा सेवा करारको औचित्य, आवश्यकता र कार्यक्षमता हेरी हाल सेवा करारमा कार्यरत व्यक्तिहरुबाट नै सेवा करार सम्झौता गरी काममा लगाउने ।

२. कुनै मन्त्रालय, सचिवालय आयोग र अन्तर्गतका विभाग, आयोजना वा केन्द्रीयस्तरका निकायको संगठन पुनर्संरचना हुँदा साविकका संरचना एक अर्कामा गाभिएको वा खारेज भएको वा नयाँ संगठन संरचना बनेकोमा उक्त नयाँ निकायमा रिक्त रहेको पदमा सेवा करारमा जनशक्ति व्यवस्थापन गर्दा साविकको गाभिएको वा खारेज भएको निकायमा सेवा करारमा काम गरिरहेको जनशक्तिलाई नै प्राथमिकता दिई सेवा करार सम्झौता गर्ने ।

३. नेपालको संविधान, कार्य विस्तृतिकरण प्रतिवेदन तथा प्रचलित कानूनबमोजिम साविकको कुनै मन्त्रालय वा निकायको कार्यजिम्मेवारी अर्को निकाय वा तहमा हस्तान्तरण भएकोमा साविकको निकायमा सेवा करारमा कार्यरत जनशक्ति समेत सोही बमोजिमको तह वा निकायमा हस्तान्तरण गर्ने व्यवस्था सम्वन्धित मन्त्रालयले मिलाउने । साथै, कार्य जिम्मेवारी र स्रोत साधन हस्तान्तरण भई आएको निकाय वा तहले साविकको सेवा करारका जनशक्तिलाई स्वीकृत दरबन्दी बमोजिमको रिक्त रहेको पदमा सेवा करार सम्झौता गरी कामकाज गर्ने व्यवस्था मिलाउने ।

४.साविक जिल्ला विकास समिति र मातहत कार्यालय तथा जिल्लास्तरीय अन्य विषयगत निकायले गरी आएको कार्य जिम्मेवारी गाउँपालिका र नगरपालिकामा हस्तान्तरण भई चालु आर्थिक वर्ष देखि तत् तत् तहबाट कार्य सम्पादन गर्ने वित्तीय हस्तान्तरणबाट अनुदान उपलब्ध भईसकेकोले साविकका निकायमा सेवा करारमा कार्यरत जनशक्तिलाई स्थानीय तहको स्वीकृत दरबन्दी बमोजिमको रिक्त रहेको मिल्दो पदमा सेवा करारमा काम गर्ने, गराउने गरी सम्वन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने, र सो कार्यमा नेपाल सरकारको सम्वन्धित मन्त्रालयले समन्वय र सहजीकरण गरिदिने ।

५.विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति तथा अन्य आयोग, प्रतिष्ठान, बोर्ड वा यस्तै प्रकृतिका संगठित संस्था विघटन भएमा वा पुनर्संरचना भएको अवस्थामा ती निकायमा बढी हुने स्थायी कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७४ को दफा १४ (२) बमोजिम साविकको काम हस्तान्तरण हुने प्रदेश वा स्थानीय तहमा समायोजन भई जाने हुँदा ती निकायमा साविकमा कार्यरत सेवा करार तर्फका जनशक्तिलाई समेत कार्य जिम्मेवारी हस्तान्तरण भई जाने निकाय वा तहको स्वीकृत दरबन्दी बमोजिम रिक्त रहेको पदमा सेवा करारमा लिई कामकाज लगाउने गरी नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

६.नेपाल सरकारको तर्फबाट संचालित आयोजना वा कार्यक्रमहरुमा नियुक्त स्थायी, अस्थायी वा करार तर्फका कर्मचारीहरुलाई उक्त आयोजना वा कार्यक्रम जुन तहमा हस्तान्तरण भएको छ, सोही तहमा साविक बमोजिम नै कार्य गर्ने गरी हस्तान्तरण गरी कामकाज गर्ने व्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने ।

७.उपरोक्त व्यवस्था बमोजिमको निर्णय २०७५ आश्विन मसान्तभित्र सम्बन्धित मन्त्रालय र अन्तर्गत निकायबाट कार्यान्वयन गरी गराई यसपछिको कुनै पनि दायित्व बाँकी नरहने व्यवस्था मिलाउने ।

८.बुँदा नं. १ देखि ७ सम्मको उपरोक्त व्यवस्था अनुसार समायोजन वा मिलान हुन नसकी अस्थायी वा सेवा करारमा कार्यरत जनशक्तिलाई अवकाश दिनु परेमा वा कुनै व्यक्तिले सेवाबाट अलग हुन चाहेमा निजले पुर्याएको सेवाको कदर गर्दै कदरपत्र सहित देहायबमोजिम सुविधा वा पुनर्स्थापना खर्च उपलब्ध गराई सेवाबाट अवकाश दिने:

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

क) आयोजना तथा कार्यक्रमका स्थायी वा अस्थायी कर्मचारीहरुलाई नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत कार्य संचालन निर्देशिका, २०७३ बमोजिमको सुविधा ।

ख) विभिन्न समिति, आयोग, प्रतिष्ठान जस्ता सरकारी स्वामित्वका संगठित संस्थामा कार्यरत स्थायी कर्मचारीहरुलाई ती निकायसंग सम्बद्ध प्रचलित कानून बमोजिमको सुविधा ।

ग) कार्य संचालन निर्देशिका, २०७३ ले नसमेटेको अस्थायी वा सेवा करारमा कार्यरत व्यक्तिलाई निजको सुरु तलब स्केलको तीन महिनाको पारिश्रमिक बराबर हुने रकम ।

घ) यस बमोजिम अवकाश पाउने व्यक्तिलाई सम्बन्धित मन्त्रालयले सम्भव भएसम्म मिल्दो बजेट शिर्षकबाट रकम उपलब्ध गराउने र थप रकम आवश्यक भएमा अर्थ मन्त्रालयबाट रकम निकासा माग गर्ने ।

ङ) यस व्यवस्था बमोजिम कर्मचारीको व्यवस्थापन कार्य सम्पन्न नभएसम्म आवश्यक पर्ने पारिश्रमिक, सुविधा तथा पुनर्स्थापना खर्च उपलब्ध गराउन रकम नपुग हुने भई माग भएको रकम अर्थ मन्त्रालयले निकासा दिने ।

९. निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश लिई यस अघि नै उपदान वा निवृत्तिभरण सुविधा प्राप्त गरी पुनः अस्थायी वा सेवा करारमा कामकाज गरेका कर्मचारीहरुको हकमा उपरोक्त बमोजिमको सुविधा उपलब्ध नगराउने ।

(किरण थापा)
शाखा अधिकृत

**बोधार्थः**

श्री सुचना तथा प्रविधि शाखा (सं.मा.त.सा.प्र.म), website मा Upload गरिदिन हुन ।

श्री स्थानीय तह समन्वय शाखा (सं.मा.त.सा.प्र.म) ।

श्री आन्तरिक व्यवस्थापन शाखा (सं.मा.त.सा.प्र.म) ।